# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, फागुन १८ गते २०५७ साल (अतिरिक्ताङ्क ६० (क+१)


## भाग ३

**श्री ५ को सरकार**

**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको**

**सूचना**

**हवाई अड्डा दस्तूर (दोस्रो संशोधन) नियमावली,२०५७**

हवाई अड्डा दस्तूर नियमावली,२०३८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन,२०१५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "हवाई अड्डा दस्तूर (दोस्रो संशोधन) नियमावली,२०५७" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **हवाई अड्डा दस्तूर नियमावली,२०३८ को नियम ४ मा संशोधनः** हवाई अड्डा दस्तूर नियमावली,२०३८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ४ को उपनियम (३) मा रहेका "बाह्र घण्टासम्मलाई " भन्ने शब्दहरुको सट्टा "तीन घण्टासम्मलाई " भन्ने शब्दहरु राखिएका छन् ।

३. **मूल नियमावलीको नियम ४क. मा संशोधनः** मूल नियमावलीको नियम ४क. को सट्टा देहायको नियम ४क. राखिएकोछः-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"४क. **भूमिस्थ प्रवन्ध सुविधा दस्तूर:** (१) कुनै वायुयानलाई नेपाल अधिराज्यको सरकारी वा गैर सरकारी विमानस्थलमा भूमिस्थ प्रवन्ध सुविधा प्रयोग गरेमा सम्बन्धित वायुसेवासँग वार्ता गरी वार्ताद्वारा निश्चित भएको रकम भूमिस्थ प्रवन्ध सुविधा दस्तूर लिइनेछ ।

तर श्री ५ को सरकारको लिखित स्वीकृति भएको कुटनैतिक सुविधा प्राप्त वायुयानलाई भूमिस्थ प्रवन्ध सुविधा दस्तूर लाग्ने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले अन्तर्राष्ट्रिय बोलपत्र माग गरी भूमिस्थ प्रबन्ध सुविधा उपलब्ध गराउने जिम्मा करारद्वारा कुनै व्यक्तिलाई दिन सक्नेछ । त्यसरी जिम्मा लिने व्यक्तिले सो प्रयोजनका लागि श्री ५ को सरकारसँग भएको करार बमोजिमको रोयल्टी रकम श्री ५ को सरकारलाई बुझाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम भूमिस्थ प्रवन्ध सुविधा जिम्मा लिने व्यक्तिले वायुयान भूमिस्थ सुविधा दस्तूर लिने सम्बन्धमा श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।"

४. **मूल नियमावलीको नियम ६ मा संशोधन:** मूल नियमावलीको नियम ६ को सट्टा देहायको नियम ६ राखिएकोछ :-

"६. **संचार तथा उड्डयन सहाय सुविधा दस्तूर:** नेपाल अधिराज्यको भू-भागमाथि उडान गर्ने वायुयानले संचार तथा उड्डयन सहाय सुविधा प्रयोग गरेमा पटकैपिच्छे अनुसूची-४ मा तोकिए बमोजिम संचार तथा उड्डयन सहाय सुविधा दस्तूर बुझाउनु पर्नेछ । कुनै वायुयानले रात्री उडानमा त्यस्तो सुविधा प्रयोग गरेमा सो दस्तूरको बीस प्रतिशत थप दस्तूर बुझाउनु पर्नेछ ।

तर श्री ५ को सरकारको लिखित स्वीकृति भएको कुटनैतिक सुविधा प्राप्त वायुयानलाई त्यस्तो सुविधा दस्तूर लाग्ने छैन ।"

५. **मूल नियमावलीको नियम ७ मा संशोधन:** मूल नियमावलीको नियम ७ मा रहेका "प्रति लिटर दुई पैसाको दरले" भन्ने शब्दहरुको सट्टा "मूल्यमा शून्य दशमलव तीन प्रतिशतका दरले " भन्ने शब्दहरु राखिएका छन् ।

६. **मूल नियमावलीको नियम ८ मा संशोधन:** मूल नियमावलीको नियम ८ को,-

(१) उपनियम (१) मा रहेका "तीस पैसाका दरले" भन्ने शब्दहरुको सट्टा "पचास पैसाका दरले" भन्ने शब्दहरु राखिएका छन् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
9058

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएकोछः-

"(१क) आन्तरिक उडानद्वारा ढुवानी हुने मालसामानमा प्रति किलोग्रामको तीस पैसाका दरले मालसामान दस्तूर लाग्नेछ।

स्पष्टिकरणः यस उपनियमको प्रयोजनको लागि आन्तरिक उडान भन्नाले हेलिकप्टर सेवा समेतलाई जनाउँछ।"

७. **मूल नियमावलीको नियम १० मा संशोधनः** मूल नियमावलीको नियम १० को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएकोछः-

"(१) यात्रु बाहेक अन्य व्यक्ति विमानस्थल भवनभित्र प्रवेश गर्दा वा विमानस्थलको प्रमुखले तोकेको विमानस्थल क्षेत्रभित्र कुनै सवारी प्रवेश गराउँदा अनुसूची - ५क. मा तोकिए बमोजिमको दस्तूर लाग्नेछ।"

८. **मूल नियमावलीको नियम १२ मा संशोधनः** मूल नियमावलीको नियम १२ को सट्टा देहायको नियम १२ राखिएकोछः-

"१२. **वायुयान आश्रय गृह वहालः** कुनै वायुसेवाले वायुयान आश्रय गृह भाडामा लिएमा त्यस्तो वायुसेवासँग वार्ता गरी निश्चित भएको रकम प्रति वर्ष वायुयान आश्रय गृह वहाल बुझाउनु पर्नेछ।

तर त्यस्तो रकम अनुसूची-६ मा उल्लिखित रकम भन्दा कम हुने छैन।"

९. **मूल नियमावलीको नियम १३ मा संशोधनः** मूल नियमावलीको नियम १३ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएकोछः-

"(१) विमानस्थल क्षेत्रभित्रको जग्गा कसैलाई वहालमा दिंदा अनुसूची-६क मा तोकिए बमोजिमको जग्गा वहाल लाग्नेछ।"

१०. **मूल नियमावलीमा नियम १५क. थपः** मूल नियमावलीको नियम १५ पछि देहायको नियम १५क. थपिएकोछः-

"१५क. **विविध दस्तूरः** (१) विमानस्थलमा यात्रु सुविधा, सुरक्षा, अग्नि निवारण वा जिवनोद्धार सेवा उपयोग गरे बापत अनुसूची-८ मा तोकिए बमोजिमको दस्तूर बुझाउनु पर्नेछ।"

(२) विमानस्थलमा क्याटरिङ्ग, यात्रु परिवहन, विद्युत वा टेलिफोन सेवा उपलब्ध गराए बापत अनसची-९ मा तोकिए बमोजिमको दस्तूर बुझाउनु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. **मूल नियमावलीको अनुसूचीमा खारेजी र संशोधनः** मूल नियमावलीको,-

(१) अनुसूची-१ र २ को सट्टा यसैसाथ संलग्न अनुसूची-१ र २ राखिएका छन् ।

(२) अनुसूची २क. खारेज गरिएकोछ ।

(३) अनुसूची-३,४,५,५क.,५ख. र ६ को सट्टा यसैसाथ संलग्न अनुसूची ३,४,५,५क.,५ख. र ६ राखिएका छन् ।

(४) अनुसूची-६ पछि यसैसाथ संलग्न अनुसूची ६क. थपिएकोछ ।

(५) अनुसूची-७ को सट्टा यसैसाथ संलग्न अनुसूची-७ राखिएकोछ ।

(६) अनुसूची -७ पछि यसैसाथ संलग्न अनुसूची-८ र ९ थपिएका छन् ।

१२. **रुपान्तरः** मूल नियमावलीको ठाउँ ठाउँमा प्रयोग भएका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर गरिएकोछः-

"(क) "हवाई अड्डा " भन्ने शब्दहरुको सट्टा "विमानस्थल"

(ख) "हवाई विभाग" भन्ने शब्दहरुको सट्टा "श्री ५ को सरकार ।"



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

## अवतरण दस्तूर

१. अन्तर्राष्ट्रिय उडानको विमानस्थलमा:

| क.सं. वायुयानको तौल | दस्तूर (अमेरिकी डलरमा) |
|---|---|
| (१) दश हजार किलोग्रामसम्म | प्रति हजार किलोग्रामको एक डलर पच्चीस सेन्टको दरले । |
| (२) दश हजार किलोग्राम भन्दा बढी पच्चीस हजार किलोग्रामसम्म | पहिलो दश हजार किलोग्रामको बाह्र डलर पच्चीस सेन्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको दुई डलर पचास सेन्टको दरले । |
| (३) पच्चीस हजार किलोग्राम भन्दा बढी पचास हजार किलोग्रामसम्म | पहिलो पच्चीस हजार किलोग्रामको उनान्पचास डलर र त्यसपछिको प्रत्येक हजार किलोग्रामको तीन डलर पचहत्तर सेन्टको दरले । |
| (४) पचास हजार किलोग्राम भन्दा बढी पचहत्तर हजार किलोग्रामसम्म | पहिलो पचास हजार किलोग्रामको एक सय चालीस डलर पचास सेन्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको छ डलरको दरले । |
| (५) पचहत्तर हजार किलोग्राम भन्दा बढी एक लाख किलोग्रामसम्म | पहिलो पचहत्तर हजार किलोग्रामको दुई सय त्रीयानब्बे डलर पच्चीस सेन्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको सात डलर पैतीस सेन्टको दरले । |
| (६) एक लाख किलोग्राम भन्दा बढी तौलको लागि | पहिलो एक लाख किलोग्रामको चार सय पचहत्तर डलर र त्यसपछिको प्रत्येक हजार किलोग्रामको आठ डलर पचपन्न सेन्टको दरले । |

२. आन्तरिक उडानका विमानस्थलमा:

(क) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा विमानस्थलमा:

| | |
|---|---|
| (१) दश हजार किलोग्रामसम्म | प्रति एकहजार किलोग्रामको पचपन्न रुपैयाँको दरले । |
| (२) दश हजार किलोग्राम भन्दा बढी पच्चीस हजार किलोग्रामसम्म | पहिलो दश हजार किलोग्रामको पाँच सय पचास रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको एक सय दश रुपैयाँको दरले । |
| (३) पच्चीस हजार किलोग्राम भन्दा बढी पचास हजार किलोग्रामसम्म | पहिलो पच्चीस हजार किलोग्रामको दुई हजार दुई सय रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको एक सय पैसठ्ठी रुपैयाँका दरले । |
| (४) पचास हजार किलोग्राम भन्दा बढी जतिसुकै तौलको लागि | पहिलो पचास हजार किलोग्रामसम्मको छ हजार तीन सय पच्चीस रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको दुई सय बीस रुपैयाँको दरले । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) भद्रपुर, विराटनगर, सिमरा, भैरहवा (गौतमबुद्ध विमानस्थल), नेपालगंज, लुक्ला, जोमसोम र मेघौली विमानस्थलमा:

| | |
|---|---|
| (१) दश हजार किलोग्रामसम्म | प्रति हजार किलोग्रामको चालीस रुपैयाँको दरले। |
| (२) दश हजार किलोग्राम भन्दा बढी बीस हजार किलोग्रामसम्म | पहिलो दश हजार किलोग्रामको चार सय रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको असी रुपैयाँको दरले। |
| (३) बीस हजार किलोग्राम भन्दा बढी जतिसुकै तौलको लागि | पहिलो बीस हजार किलोग्रामको एक हजार दुई सय रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको एक सय बीस रुपैयाँको दरले। |

(ग) जनकपुर, भरतपुर, सुर्खेत, धनगढी र महेन्द्रनगर विमानस्थलमा:

| | |
|---|---|
| (१) दश हजार किलोग्रामसम्म | प्रति हजार किलोग्रामको तीस रुपैयाँको दरले। |
| (२) दश हजार किलोग्राम भन्दा बढी बीस हजार किलोग्रामसम्म | पहिलो दश हजार किलोग्रामको तीन सय रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको साठी रुपैयाँको दरले। |
| (३) बीस हजार किलोग्राम भन्दा बढी जतिसुकै तौलको लागि | पहिलो बीस हजार किलोग्रामको नौ सय रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको नब्बे रुपैयाँको दरले। |

(घ) ताप्लेजुङ्ग, लामिडाँडा, तुम्लिङ्गटार, डोल्पा, जुम्ला र सिमिकोट विमानस्थलमा:

| | |
|---|---|
| (१) दश हजार किलोग्रामसम्म | प्रति हजार किलोग्रामको पच्चीस रुपैयाँको दरले। |
| (२) दश हजार किलोग्राम भन्दा बढी बीस हजार, किलोग्रामसम्म | पहिलो दश हजार किलोग्रामको दुई सय पचास रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको पचास रुपैयाँको दरले। |
| (३) बीस हजार किलोग्राम भन्दा बढी जतिसुकै तौलको लागि | पहिलो बीस हजार किलोग्रामको सात सय पचास रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको पचहत्तर रुपैयाँको दरले। |

(ङ) अन्य विमानस्थलहरुमा:

| | |
|---|---|
| (१) दश हजार किलोग्रामसम्म | प्रति हजार किलोग्रामको बीस रुपैयाँको दरले। |
| (२) दश हजार किलोग्राम भन्दा बढी बीस हजार किलोग्रामसम्म | पहिलो दश हजार किलोग्रामको दुई सय रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको चालीस रुपैयाँको दरले। |
| (३) बीस हजार किलोग्राम भन्दा बढी जतिसुकै तौलको लागि | पहिलो बीस हजार किलोग्रामको छ सय रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको साठी रुपैयाँको दरले। |

द्रष्टव्य:-

नेपाली रुपैयाँमा तिर्न पाउने वायुसेवाले अमेरिकी डलरमा उल्लिखित दस्तूर सो उडान भएको दिनको नेपाल राष्ट्र बैंकबाट प्रकाशित मुद्रा विनिमय दर अनुसार नेपाली रुपैयाँमा बुझाउन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -२

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

वायुयान विसान् दस्तूर

१. अन्तर्राष्ट्रिय उडानको विमानस्थलमा:

| क.सं. वायुयानको तौल | दस्तूर (अमेरिकी डलरमा) |
|---|---|
| (१) पचास हजार किलोग्रामसम्म | प्रति हजार किलोग्रामको एक डलरका दरले । |
| (२) पचास हजार किलोग्राम भन्दा बढी एक लाख किलोग्रामसम्म | पहिलो पचास हजार किलोग्रामको उनान्पचास डलर र त्यसपछिको प्रत्येक हजार किलोग्रामको एक डलर पाँच सेन्टको दरले । |
| (४) एक लाख किलोग्राम भन्दा बढी तौलको लागि | पहिलो एक लाख किलोग्रामको एक सय बाइस डलर पच्चीस सेन्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको एक डलर पन्चानब्बे सेन्टको दरले । |

२. आन्तरिक उडानका विमानस्थलमा:

| | |
|---|---|
| (१) चालीस हजार किलोग्रामसम्म | प्रति हजार किलोग्रामको सैतीस रुपैयाँ पचास पैसाको दरले । |
| (२) चालीस हजार किलोग्राम भन्दा बढी एक लाख किलोग्रामसम्म | पहिलो चालीस हजार किलोग्रामको पन्ध्र सय रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको चौवन्न रुपैयाँको दरले । |
| (३) एक लाख किलोग्राम भन्दा बढी तौलको लागि | पहिलो एक लाख किलोग्रामको चार हजार सात सय चालीस रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको पचहत्तर रुपैयाँको दरले । |

द्रष्टव्य: त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक उडानको वायुयानबाट खण्ड १ मा उल्लिखित रकम बराबर नेपाली रुपैयाँमा लिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची -३
(नियम ५ सँग सम्बन्धित)

### गृह आश्रय दस्तूर

१. अन्तर्राष्ट्रिय उडानका विमानस्थलमा :

| क.सं. वायुयानको तौल | दस्तूर (अमेरिकी डलरमा) |
|---|---|
| (१) पचास हजार किलोग्रामसम्म | प्रति हजार किलोग्रामको दुई डलर पच्चीस सेन्टका दरले । |
| (२) पचास हजार किलोग्राम भन्दा बढी एक लाख किलोग्रामसम्म | पहिलो पचास हजार किलोग्रामको एक सय बाह्र डलर पचास सेन्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको तीन डलर चालीस सेन्टको दरले । |
| (३) एक लाख किलोग्राम भन्दा बढी तौलको लागि | पहिलो एक लाख किलोग्रामको दुई सय बयासी डलर पचास सेन्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको चार डलर पैतालीस सेन्टको दरले । |

२. आन्तरिक उडानका विमानस्थलमा:

| | |
|---|---|
| (१) चालीस हजार किलोग्रामसम्म | प्रति हजार किलोग्रामको एक सय पचास रुपैयाँको दरले । |
| (२) चालीस हजार किलोग्राम भन्दा बढी एक लाख किलोग्रामसम्म | पहिलो चालीस हजार किलोग्रामको पाँच हजार नौ सय चालीस रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको दुई सय सोह्र रुपैयाँको दरले । |
| (३) एक लाख किलोग्राम भन्दा बढी तौलको लागि | पहिलो एक लाख किलोग्रामको अठार हजार नौ सय र त्यसपछिको प्रत्येक हजार किलोग्रामको दुई सय सन्तानब्बे रुपैयाँको दरले । |

द्रष्टव्य: त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक उडानको वायुयानबाट खण्ड १ मा उल्लिखित रकम बराबर नेपाली रुपैयाँमा लिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।